# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

## लगानीकर्ताहरुलाई हतोत्साहित नभई सर्तकता अपनाई लगानी गर्ने सम्बन्धमा

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारको हालको स्थितिलाई सूक्ष्मरुपले हेरिरहेको छ । विगत केही समय यता बोर्डले स्टक मार्केटको विकास तथा सुधारका लागि विभिन्न कार्यहरु अगाडि बढाईरहेको छ । वास्तविक क्षेत्र (Real Sector) का संगठित संस्थाहरुले जारी पूँजीको दश प्रतिशत सार्वजनिक निष्काशन गर्न सक्ने, Fixed Price को सट्टा Free Pricing मा निष्काशन गर्न सकिने, IFC, ADB जस्ता अन्तराष्ट्रिय वित्तिय संस्थाहरुले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने र conflict of interest लाई सम्बोधन हुने आदि व्यवस्था भएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लाई नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भई लागू गरेको छ । जसले वास्तविक क्षेत्र (Real Sector) का संगठित संस्थाहरुको बजारमा प्रवेश सहजिकरण भई दोस्रो बजार व्यापक भै बजारको संरचनात्मक सुधार हुने बोर्डको विश्वास रहेको छ । साथै सार्वजनिक निष्काशन प्रकृयालाई थप सरल, व्यवस्थित, पारदर्शि तथा छिटो छरितो बनाई सार्वजनिक निष्काशन लागतलाई समेत न्यून गर्न बोर्डले यही माघदेखि ASBA प्रणाली लागू गर्ने निर्णय गरेको छ। यो प्रणाली लागू भएपश्चात धितोपत्रको प्राथमिक बजारमा संरचनात्मक परिवर्तन हुने अपेक्षा रहेको छ ।

बोर्डले बजार सुधार कार्यक्रम अन्तर्गत गत माघदेखी पूर्ण अभौतिकिकरण गरी पूर्ण स्वचालित धितोपत्र कारोवार, बजारको गहिराई (Market Depth) हेर्न सक्ने, धितोपत्र दलाल व्यवसायीको शुल्कलाई उल्लेख्य रुपमा घटाइएको, हकप्रद तथा बोनश सेयर सिधै आफ्नो डिम्याट खातामा जम्मा हुने व्यवस्था गरी लगानीकर्ताहरुलाई कारोवार गर्न सहजिकरण गर्दै आइरहेको छ। साथै बोर्डले नेप्सेलाई क्लियरिङ्ग बैंक थप्न तथा काठमाडौं उपत्यका बाहिर दलाल व्यवसायीहरुको शाखा विस्तार गर्ने वा दलाल व्यवसायी थप गरी क्षमता विस्तार गर्न पुन: निर्देशन दिएको छ । यसरी बजार सुधार गर्दै लगिएको, समग्र अर्थतन्त्रका परिसूचकहरु सकारात्मक रहेको र धेरै जसो सूचिकृत संगठित संस्थाहरुको कार्य सम्पादनको स्थिति सन्तोषजनक रहेकोले लगानीकर्ताहरु बजारको अवस्था प्रति हतोत्साहित हुने अवस्था देखिदैन् ।

अत: धितोपत्र लगानीकर्ताहरुलाई धितोपत्र खरिद विक्री सम्बन्धी निर्णय गर्दा सम्बन्धित क्षेत्र, उद्योग तथा कम्पनीहरुको आधारभूत तथा प्राविधिक पक्षको जानकारी लिई हतोत्साहित नभई हल्लाको पछि नलागी सुझबुझ तवरले लगानी सम्बन्धी निर्णय लिन बोर्ड अनुरोध गर्दछ ।

प्रवक्ता
मंसिर २०, २०७३

*Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np*